# ललित विष्टको 'बेखबर मृत्यु' कथामा अभिघातको खोजी

**शोभाकुमारी ढुंगाना**
**उपप्राध्यापक, पाटन सं. क्याम्पस**

**सार**

*प्रस्तुत अध्ययनमा साहित्यको उत्तरआधुनिक साहित्यको विभिन्न अवधारणामध्ये अभिघात सिद्धान्तलाई आधार बनाएर ललित विष्टको 'बेखबर मृत्यु' कथाको विश्लेषण गरिएको छ। अङ्ग्रेजीको ट्रौमा शब्दलाई नेपालीमा रूपान्तरित अभिघात शब्दले चिनाउने गरिएको पाइन्छ। अधिभात (ट्रौमा) भनेको मानसिक घाउ पार्ने पीडादायी अनुभूति हो। युद्धजन्य भौतिक अभौतिक तथा मानसिक सन्त्रासको चरम स्थिति अभिघात हो। सामान्यतः अभिघात मानसिक र दौहिक दुवै हुन्छ, तर मनोविज्ञान र साहित्यमा मानसिक अभिघातलाई महत्त्व दिइएको पाइन्छ। यस विश्लेषणात्मक अध्ययनमा अभिघात कथाको समालोचना पद्धतिका आधारमा 'बेखबर मृत्यु' कथाबाट तथ्य सङ्कलन गरी अभिघातको खोजी गरिएको छ। कथाको अन्तर्वस्तुको विश्लेषणका आधारमा मूल्याङ्कन गर्दा युवा कथाकार ललित विष्ट युद्धजन्य आतङ्क, संत्रास, मृत्यु, बिछोड, हत्या, हिंसा, प्रेम घृणा र बलात्कारका घटनाबाट शारीरिक र मूलत मानसिकरूपमा अभिघातित भएका पात्रहरूलाई प्रमुखता दिएर कथा लेख्ने सफल कथाकार हुन्। उनको 'बेखबर मृत्यु' कथामा नेपालको सुदूरपश्चिमको अछाम जिल्लामा भएको दश वर्षे जनयुद्धको प्रभाव, पात्रहरूका युद्धका भोगाइ, पीडा र तनावलाई विषयवस्तु बनाइएको छ। यस कथामा जनयुद्धको भोगाइ, पीडा, हत्या, हिंसा, बलात्कार जस्ता आतङ्कको मारमा परेर जीवन गुमाएका बाँचेर पनि आफन्त गुमाएर, अपाङ्ग भएर, अनेक यातना खपेर रुग्ण बनेका मानवीय जीवनका अभिघातको अध्ययन गरिएको र उनीहरूका अभिघातका कारणको पहिचान गरी अभिघात न्यूनीकरणको उपायको खोजीसमेत गरिएको छ।*

**शब्दकुञ्जिका** : विस्थापन, मानसिक तनाव, जीवनमूल प्रवृत्ति, मृत्मूल प्रवृत्ति, जिजीविषा

## १. परिचय

पश्चिम नेपालको अछाम जिल्लामा जन्मेका ललित विष्ट युवा कथाकार हुन्। वि.सं. २०७६ मा उनको 'मोहपथ' कथासङ्ग्रह प्रकाशित भएको छ। यो उनको पहिलो कथासङ्ग्रह हो। मदन पुरस्कार गठीले २०७६ सालको मदन पुरस्कार लागि २०७६ सालमा प्रकाशित र गुठीमा दर्ता भएको विभिन्न विधाका १५१ पुस्तकहरूमध्ये श्रेष्ठ ७ को सूचिमा छनोट भएपछि उनी चर्चामा आएका हुन्। उनका कथामा २०५२-५३ सालबाट प्रारम्भ भएको दश वर्षे जनयुद्धको कहाली लाग्दो भयावह रूपको चित्रण गरिएको पाइन्छ। 'बेखबर मृत्यु', 'नै रामे', 'लामो सुस्केरा' कथामा जनयुद्धको भोगाइ, पीडा, हत्या, हिंसा, बलात्कार जस्ता आतङ्कको मारमा परेर जीवन गुमाएका, बाँचेर पनि आफन्त गुमाएर, अपाङ्ग भएर, अनेक यातना खपेर रुग्ण बनेका मानवीय जीवनका घात प्रतिघातको पहिचान गरिएको छ। उनका थुप्रै कथामा नारीवादी चिन्तन पाइन्छ। शिक्षित समाजमा पनि महिलाहरूले उत्तिकै रूपमा हिंसा खप्नु परेको छ। शिक्षाको पहुँच नपुगेका ठाउँमा त झनै डरलाग्दोरूपमा पहिलाहरूले बलात्कृत हुनुपरेको छ। घरेलु हिंसा पनि त्यत्तिकै छ। उनको 'अनुहा 'र कथामा

Received : October 2020  Accepted : December 2020

निसन्तान भएकै कारण एउटी महिलाले भोग्नु परेको कहाली लाग्दो घरेलु हिंसाको सजीव चित्रण गरिएको छ। 'बेखबर मृत्युमा' पनि थुनामा परेकी एउटी किशोरीको थुप्रै सैनिकहरूबाट सामूहिकरूपमा बलात्कृत भएपछि उनले मानसिक रूपमा भोग्नुपरेको अभिघातको पहिचान गरिएको छ।

विष्टले २०७२ मा गएको ठुलो भूकम्प र त्यसबाट हुन गएको धन जनको क्षति, घर भत्किएर पुरिएका मानिसहरूले भोग्नु परेको पीडा, आतङ्क र आफन्तको मृत्यु र भूकम्पका कारण वेपत्ता भएका आफन्तहरूको खोजीमा भौतारिएका मानिसहरूका पीडालाई कथामा उतारेका छन्। कथाकार विष्टका कथामा नेपाली समाजमा देखापरेका गरिबी, अशिक्षा, पछौटेपन, यौन, प्रेम, विभेद विविध प्रस्तुति पाइन्छ। पहिलो कृति भएर पनि अत्यन्त सरल, सहज र बोधगम्य प्रस्तुति र समाजसापेक्ष घटना, पात्र र शब्दहरूको चयनले गर्दा उत्कृष्ट कथाकारका रूपमा प्रस्तुत हुन सफल भएका छन्। हामीले बाँचिरहेको यथार्थताको प्रस्तुति प्रस्तुत 'मोहपथ' कथासङ्ग्रहका कथाहरूले प्रदान गरेको छ। बस्नेतका यही पहिलो कृतिका रूपमा प्रकाशित भएको 'मोहपथ' कथासङ्ग्रहमा सङ्गृहीत 'बेखबर मृत्यु' कथामा अभिघात सिद्धान्तको प्रयोग कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासा र प्राक्कल्पना अध्येतामा पैदा भएको थियो। यो अध्ययन यसै प्रश्नमामा केन्द्रित भएर अगाडि बढेको छ।

## २. उद्देश्य

प्रस्तुत अध्ययनमा प्रमुख दुई उद्देश्य रहेका छन्।

(१) 'बेखबर मृत्यु' कथाको विश्लेषणका आधारमा जेफ्रि हर्टम्यान, केथी कारुथ र सौसना फेलमेनद्वारा प्रतिपादित अभिघात सिद्धान्तको खोजी गर्न'।

(२) 'बेखबर मृत्यु' कथामा अभिघातको पहिचान गरी त्यसका कारण र न्यूनीकरणका उपाय पत्ता लगाउनु।

## ३ अभिघात सिद्धान्तको सामान्य परिचय

उत्तरआधुनिक साहित्यको प्रचलित विभिन्न अवधारणामध्ये अभिघात सिद्धान्त पनि एक हो। अङ्ग्रेजीको ट्रौमा शब्दलाई नेपालीमा रूपान्तरित अभिघात शब्दले चिनाउने गरिएको पाइन्छ।, अघिभात (ट्रौमा) भनेको मानसिक घाउ पार्ने पीडादायी अनुभूति हो। सामान्यतः अभिघात मानसिक र दौहिक दुवै हुन्छ, तर मनोविज्ञान र साहित्यमा मानसिक अभिघातलाई महत्त्व दिइएको छ। मृत्यु अकाल मृत्यु, अपहत्ते, विछोड, हरण, बलात्कार, विनाश, हानि, नृशंशता आदि सङ्कटावस्थामा परी भोक्ता वा द्रष्टा भएर असीम पीडाको बोध गरी व्यक्ति मानसिक रूपमाअभिातित हुन्छ। यो पनि व्रण नै हो, तर यो नदेखिने खालको मुटुको घाउ हो (शर्मा, २०७१, पृ. ५९)। "युद्धजन्य भौतिक अभौतिक तथा मानसिक सन्त्रासको चरम स्थिति अभिघात हो" (गौतम, २०६७, पृ.३९१)। कुनै पनि व्यक्ति परिवार, समुदाय र देशमा अभिघात उत्पन्न हुनुमा उसका विगतका मुख्य मुख्य अप्रिय घटनाहरू जिम्मेवार रहेका हुन्छन् तिनै घटनाहरू नै अभिघातका स्रोतहरू हुन् (स्कट तथा ब्रियर, पृ. ४)। अतीतमा घटेका विभिन्न प्रकारका प्राकृतिक विपत्ति र मानव निर्मित दुःखदायी घटनाद्वारा व्यक्तिमा विभिन्न प्रकारका शारीरिक तथा मानसिक चोट पुग्न जान्छ। विभिन्न प्रकारका शारीरिक तथा मानसिक कष्ट भोग्नु पर्दा व्यक्तिमा निराशा र कुण्ठा उत्पन्न हुन्छ र अन्तर हृदयमा पत्ता नपाइकन गहिरो मानसिक घाउ बन्न पुग्छ। फलस्वरूप व्यक्ति अभिघातको अवस्थामा पुग्दछ। यसर्थ अभिघात भन्नाले मानसिक घाउ पार्ने अतीतको पीडादायी अनुभूति हो भन्ने द्वय विद्वान्को भनाइ रहेको छ।

अभिघात फ्रायडको मनोविश्लेषण सिद्धान्तसँग घनिष्ठ सम्बन्ध रहेको छ। १६९३ तिर ट्रौमा शब्दको प्रयोग चिकित्सा क्षेत्रमा ग्रिसेली भाषाबाट आएको हो। सुरुसुरुमा शारीरिक परीक्षणका क्रममा यो (ट्रौमा) शब्दको प्रयोग भएको हो। पहिलो र दोस्रो विश्वयुद्धमा लडेर आएका योद्धाहरूमा देखिएको मानसिक तनाव र पीडाहरूको अध्ययन गर्ने क्रममा पहिलो पटक सिग्मण्ड फ्रायडले हिस्टेरिया र डिप्रेसनको प्रयोग गरेको पाइन्छ। यही हिस्टोरिया र डिप्रेसन शब्दलाई नै पछि गएर अभिघातको रूपमा लिएको देखिन्छ। फ्रायडका अनुसार मानिसमा जीवनमूल प्रवृत्ति (इरोस) र मृत्युमूल प्रवृत्ति (थानाटोस) दुई किसिमको मौलिक प्रेरक शक्ति हुन्छ। जीवनमूल प्रवृत्ति भनेको जीवन जिउने चाहना तथा यसलाई जिजीविषाका रूपमा पनि बुझ्न सकिन्छ। जीवन भोग गर्ने इच्छा हुनुको मूल प्रेरक शक्ति यौन प्रेम हो। मानिसमा यौनेच्छा भएकै कारण उसले वंशाणु चलाउँछ र सृष्टिको विकास हुन्छ। मृत्युमूल प्रवृत्ति भनेको जीवनबाट मुक्ति चाहनु तथा जिजीविषा समाप्त भएर मानिसमा बाँच्ने इच्छा नै समाप्त हुनु हो। यसले व्यक्तिमा आत्मबलको कमी आउने, कसैसँग बोल्न मन नलाग्ने, बोलिहाले पनि दुःखदायी प्रतिक्रिया दिने, टोलाइरहने, अनावश्यक झैझगडा गर्ने, जीवनदेखि नै विरक्त लागेर आउने र मृत्युवरणजस्ता असमान्य क्रियाकलापमा संलग्न गराउँदछ। कुनै पनि व्यक्तिले यदि बाँच्ने प्रवृत्तिलाई छाडेर मृत्युवरण गर्ने प्रवृत्ति अँगाल्दछ भने ऊ अभिघातबाट ग्रसित छ भन्ने बुझिन्छ। अभिघात निको हुनका लागि उसले मृत्युमूल प्रवृत्ति छाडेर जीवनमूल प्रवृत्तिको विकास हुनु आवश्यक छ भन्ने फ्रायडको भनाइलाई आधार बनाएर नव विश्लेषक जेफ्रि हर्टम्यान, केथी कारुथ र सौसना फेलमेनद्वारा सन् १९९० को दशकमा अभिघातलाई सिद्धान्तका रूपमा विकसित गरेका हुन्।

अभिघात आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ। आफ्नै घरभित्रका परिवार तथा आफन्तहरूले सहनै नसक्ने गरी दिएको धोका, दुःख, पीडा, छोडपत्र, विछोड, घृणा, हिंसा, मृत्यु आदि आन्तरिक अभिघात हुन् भने युद्ध, भूक्षय, बाढी पहिरो, सुनामी, भुइँचालो, अतिवृष्टि, अनावृष्टिजस्ता प्राकृतिक विपत्तिबाट उत्पन्न अभिघात र बाह्य व्यक्ति तथा समुदायबाट गरिएका हत्या, हिंसा, बलात्कार आदि बाह्य अभिघात हुन्। आन्तरिक र बाह्य दुवै प्रकारका अभिघात त्यत्तिकै दुःखदायी र मर्मस्पर्शी हुन्छन्। यसप्रकार अभिघातलाई जीवन र समाजले कसरी भोगेको छ र कृतिमा त्यसको प्रतिबिम्ब कसरी उतारिएको छ भन्ने कुराको खोजी अभिघात समालोचनाले गर्दछ। साहित्यमा अभिघातको अध्ययन विश्लेषणबाट मानवीय जीवनका दुःखदायी घटनाहरूबाट उत्पन्न मानसिक घाउको पहिचान गरी यसको निराकरणको खोजी गरिन्छ।

इतिहासमा घटित भएका तर उचित स्थान नपाएका मानवीय दुःख, पीडा, अन्याय, अत्याचार, शोषण, उत्पीडन, पतन, अवनति, द्वन्द्व, युद्धसँग सम्बन्धित घटनाबाट उत्पन्न भएको अभिघातको पनि इतिहास हुन्छ। प्रगति, स्वतन्त्रता र गौरवगाथाका इतिहासभित्र मानिसका दुःख, पीडा र अभिघातको स्वर पनि लुकेर रहेको हुन्छ। त्यसको पनि खोजी गर्न'पर्दछ भन्ने कुरामा कारुथको अभिघात सिद्धान्तले जोड दिन्छ र परम्परागत इतिहासलाई सच्याएर सन्तुलनमा राख्ने काम  अभिघात सिद्धान्तले गर्दछ (पाण्डेय, २००१, पृ.४५)। सन्तुलित इतिहासको लागि विजय गौरव र प्रगतिका इतिहासमात्र नभएर  मानवीय दुःख, पीडा र अवनतिको  स्वर पनि इतिहासमा आउनुपर्छ भनी अभिघात सिद्धान्तले परम्परगत इतिहास लेखन पद्धतिसँग असअमति जायर गरेको छ।

### ४. "बेखबर मृत्यु" कथाको कथ्यसन्दर्भ

'बेखबर मृत्यु' २०५२-५३ बाट प्रारम्भ भएको दश वर्षे जनयुद्धले जन्माएको  हत्या, हिंसा, मृत्यु, विछोड, बलात्कारजस्ता दुर्घटनाबाट सृजना भएको भयाबह आतङ्क र सन्त्रासद्वारा उत्पन्न मानसिक अभिघातको

Received : October 2020  Accepted : December 2020

वर्णन गरिएको कथा हो । यस कथाको प्रमुख पात्र म र अवधेश हुन् । यो म पात्रको कथा हो । समाख्याता पनि म (किशोरी) पात्र नै हो । उसले जनयुद्धका समयमा आफूले देखेका, भोगेका र अनुभव गरेका घटनाबाट उत्पन्न मानसिक घाउको दुःख र पीडादायी अनुभूतिलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरेकी छे ।

'बेखबर मृत्यु' पहिलो प्रेममा परेकी एउटी किशोरी (म पात्र) कसरी माओवादी जनयुद्धमा सामेल हुन पुगी । युद्धका कारण उसले के कस्ता दुःख पीडा खप्नु पर्यो । उसले कसरी आफ्ना निर्दोश आमा बुबा र प्रियतमलाई गुमाउन पुगी र बदलाको आगमा पिल्सिएर विस्थापित चरित्रका रूपमा स्थापित भई । अछाम जिल्लामा  दश वर्षे जनयुद्धको दोहोरो मारमा परेर कैयौँ निर्दोष युवा युवती, केटाकेटी, बुढाबुढीहरूको ज्यान गएको थियो । कैयौँ चेलीहरू बलात्कृत भएका थिए । म पात्र पनि युद्धमा राज्यपक्ष र माओवादीपक्षको दोहोरो भिडन्तमा राज्यपक्षबाट समातिएर कसरी सेनाहरूको सामूहिक बलात्कार खप्न बाध्य भएर शारीरिक र मानसिक पीडाले अभिघातित बनेकी छे । उसको बिर्सनै नसकिने गरी बसेको मनको गहिरो घाउबाट उत्पन्न अतीतको पीडादायी अनुभूति नै 'बेखबर मृत्यु' कथाको कथ्य सन्दर्भ हो ।

## ५. "बेखबर मृत्यु" कथामा अभिघातको खोजी

प्रस्तुत कथामा अभिघातको प्रमुख भोक्ता म पात्र हो । देशभरि दश वर्षे जनयुद्ध चर्किरहेको थियो । शाही सेना र माओवादी सेनाबिचको दोहोर आतङ्कले देश भयावह रूपमा आक्रान्त बनेको अवस्था थियो । सुदूरपश्चिमको अछाम जिल्ला पनि यसबाट अछुतो थिएन । अवधेश र म पात्र (किशोरी) दुवै गाउँकै एउटा विद्यालयमा दश कक्षामा पढ्दथे । यी दुवैलाई युद्ध र क्रानितकारीका कुरा पटक्कै मन पर्दैनथ्यो । विद्रोही पक्ष त झनै मन पर्दैनथ्यो, तर त्यस विरुद्ध बोल्ने तागत पनि कसैसँग थिएन । कसैले बोलिहाले पनि बाँच्ने सम्भावना नै थिएन । मुख भएकाहरू पनि मुख नभए जसरी चुप चाप रहन्थे । अछाम जिल्लाको यो गाउँ विद्रोही पक्षको नियन्त्रणमा थियो । गाउँका किशोर किशोरीहरू धमाधम गाउँबाट बेपत्ता हुँदै थिए । वृद्धवृद्धा मात्र गाउँमा बस्नुपर्ने बाध्यता थियो । एक दिन आफ्नो मायालु प्रियतम अवधेशलाई एउटा समूह आएर खोसेर लग्यो । उक्त घटनालाई सम्झदै म पात्र भन्दछे :

> एउटा समूहले अवधेशलाई पनि लग्यो । त्यतिखेर उसलाई जबरजस्ती लगिएको थियो । म डराइरहेकी थिएँ । ऊ प्राण थियो मेरो । लाचार भएर हिँडेको थियो । मलाई त सम्झँदै दया लाग्छ । मनमा एक किसिमको छटपटी मच्चिन थालिहाल्छ । उसलाई बाध्य बनाएर लैजानेहरूलाई विष हालेर मारिदिउँ जस्तो लागेको थियो मलाई ताकि ऊ मुक्त हुन सकोस् । (पृ. १५०)

जतिसुकै रिस उठे पनि टुलुटुलु हेर्न'सिवाय कुनै उपाय थिएन ।   गाउँमा विजुलीबत्ती थिएन, गरिबीले सिङ्गै गाउँ आक्रान्त थियो । मानिसहरू शिक्षित थिएनन् तर पनि अशिक्षित छौँ भन्ने ज्ञानसमेत थिएन । बिद्रोही पक्षले अवधेशलाई यही कुराको बोध गराए क्यार ऊ युद्धमै भुल्यो । उसले घर, गाउँ र आफ्नी मायालुलाई समेत बिर्सियो । आफ्नो प्रियतम एक्कासी यसरी बेपत्ता भएपछि कलिलो उमेर भएकी एउटी किशोरीका मानसिक अभिघात कथामा यसरी व्यक्त भएको छ :

> म उसलाई सम्झिएर बस्थे, तडपिएर रुन्थे उसको चिन्ताले पिरोलिरहन्थे । युद्धमा पसेको मान्छे ! मेरो मनमा उत्पात अशान्ति मच्चियो । हरबखत म उसैको पिरले डराइरहेकी हुन्थेँ । हरेक तन्त्रामा ऊ युद्ध लडिरहेको देख्थेँ । कहिले युद्ध जितेको र हारेको सपना देख्थे । म त्यत्तिकै रोइदिन्थेँ । उसका

> सम्झनाले हाँसिदिन्थेँ पनि .... दिन त काम गर्दागर्दै जसोतजसो कट्थ्यो । रातमा भने अवधेश सुन्तलाको फेदमा बसिरहेको अनुमान हुन्थ्यो । ऊ नभए पनि जुनले छेकेझैँ लाग्थ्यो । जुन लागेको रातमा, नदेखेपछि देखापर्छ भन्ने आशले हेरेर बसिरहन्थेँ तर ऊ देखिदैनथ्यो । हरेक रात आफ्नो आँगनबाट उसको आँगन हेरे बस्थेँ । (पृ.१५१) ।

प्रियतमको विछोड नै म पात्र (किशोरी) को अभिघातको प्रमुख कारण हो । प्रमी अवधेशसँगको विछोडले गर्दा दमित वासनाका कारण उसको मानसिकतामा गहिरो घाउ बनेको छ । यही घाउको पीडादायी अनुभूति नै युवतीको अभिघातको कारण बनेको छ ।

एकदिन जङ्गलमा स्याउला काट्न गएको बेला अचानक उनको अवधेशसँग भेट हुन्छ । गाउँ आएर पनि आफूसँग नभेटेको भनी उनले साह्रै चित्त दुखाइन् । म गोप्यरूपमा आएको हुँ । म एक लडाकु हुँ यसरी तेरो पछिपछि बरालिन पनि मिल्दैन (पृ.१५२) भनी अवधेशले वास्तविक कुरो बताएपछि आफ्नो अतीतको पीडदायी अनुभूतिलाई सम्झदै म पात्र भन्दछिन् -“म कहाँ जाऊँ त ? मैले ऊ बाहेक कुनै दुनियाँको कल्पना गरेकी छैन । डोको भुइँमा फालेर रुँदै उसको छातीमा टाँसिएँ” (पृ.१५२) । म पात्र सुन्दर भविष्यको कल्पना गरेर अवधेशलाई सुनाउथिन् । अवधेश भने युद्ध र बमको कुरा गरिरहन्थ्यो । मृत्युको बाटो राम्रो होइन छाडिदेउ भन्थी । उसले युद्ध मृत्यु होइन यो जन्म, मोक्ष, मुक्ति, उद्धार र प्रेम सबै कुरा हो, यो स्वतन्त्रताको लडाइँ हो । यो बाटो कसरी गलत हुन सक्छ भनी सम्झायो । अधवेशलाई विद्रोहीपक्षले सुरुमा जबरजस्ती लगेको भए पनि अहिले ऊ युद्धको पक्षमा वकालत गर्ने भइसकेको थियो । उसले चरम गरिबी देखेको र भोगेको थियो । दुःख, कष्ट पनि देखेको थियो । त्यसैले मुक्ति र सुखका कुराले उसलाई सजिलै प्रभाव पार्यो । म पात्रलाई पनि विस्तारै अवधेशका कुरा राम्रा लाग्न थाले । हुन त उसलाई युद्धसँग प्रेम थिएन तर उनको अवधेश सबैथोक थियो । त्यसैले उसले विपक्षीहरूको युद्धमा सामेल हुने कुरा मनमनै अठोट गरी ।

एक हप्तापछि गाउँमा ठुलो भिड पस्यो । माओवादीको आवतजावत सहजै चल्थ्यो । यो इलाका उनीहरूकै अधीनमा थियो । शाही सेनाहरू गाउँमा हत्तपत्त आउन सक्दैनथे । गाउँमा ठुलो जनसभा थियो मैले आमाबाबालाई पत्तै नदिइ अभियानमा घुस्ने निधो गरेकी थिएँ (पृ.१५५) । जनसभा सकिने बित्तिकै म पात्रसहित दशजना किशोर र आठजना किशोरी माओवादी सेनाको लहरमा मिसिएर गए । म पात्रलाई कुनै उत्साह थिएन । अवधेशलाई पाइने एकमात्र उद्देश्य बोकेर ऊ त्यस भिँडमा पसेकी थिई । उसँगै आएकाहरू केही सञ्चारमा कोही इन्टेलिजेन्ट, कोही स्वास्थ्य र कोही प्राविधिक विभागमा छानिए । उसलाई लडाकुको जिम्मेवारी दिइयो । अवधेश पनि लडाकु थियो तर उसको अवधेशसँग भेट भएन । ऊ अर्कै टोलीमा थियो । तालिम सुरु भयो । उसले अती नाम गरेकी एक मङ्गोलियन र अर्की चेतना नाम गरेकी दलित दुई राम्रा केटी साथी भेटी । उनीहरू दिनभर तालिममा खटिन्थे । रातपरेपछि दुःख सुखका कुरा गर्थे । एक आपसमा जिस्कन्थे । चेतनाले कमान्डरलाई मन पराउँथी ऊ माथिल्लो जातको थियो । ऊ सबै बराबर हुन् भनेर भाषण गर्न सक्छ, तर मसँग बिहे गर्न सक्दैन । मान्छेको हृदयमा अझै विभेद टाँसिएको छ भन्दै चेतनाले आसु पुछेकी प्रसङ्ग कथामा गरिएको छ । म पात्र भने जुनसुकै बेलामा पनि अवधेशलाई नै सम्झिरहेकी हुन्थी । तालिम सकिएपछि अवधेशलाई भेटन सकिन्छ भन्ने आशामा एउटै आशा लिएर बसेकी थिई । त्यस दिन पनि तालिममा शत्रुको प्रहार कसरी छल्ने, कसरी निशाना लगाउने जस्ता युद्धकलाकै प्रशिक्षण भइरहेको थियो । यही बेला मुटु नै बज्रिने गरी सञ्चार विभागका पाँच जना केटाले सूचना ल्याएको पीडादायी अतीतका घटनालाई सम्झँदै म पात्र भन्दछे :

> मेरा हातखुट्टा सुनेर काप्न थाले मलाई रिँगटा लाग्यो। म बेहोस भएँ। त्यस्तो कसरी हुन सक्छ ? पत्याउनुबाहेक अरू कुनै उपाय थिएन। मेरा गाउँमा कुनै घर रहेनन्। देशद्रोहीले तालिमका लागि बनाएका टहरा हुन् भनेर राज्यपक्षले सार्वजनिक विज्ञप्ति जारी गरिएको थियो। मेरा साठी वर्षीय आमा बाबा कसरी भए देशद्रोही ? शरीरमा लुगा नभएर नाङ्गै हिँड्ने बच्चाबच्चीलाई राज्यले कसरी सम्झ्यो विद्रोही ? ठाउँ ठाउँमा टालेको चोलो लाएर हिँड्ने अनपढ महिला कसरी ठानिए षडयन्त्रकारी ? यो प्रश्न मेरो हृदयमा डोब बनेर उभिरहेका थिए। जमिनमा उत्रिएको खम्बाझैं। (पृ.१६१)।

बाबा आमा र आफ्नो गाउँका सबैको मृत्युको समाचारले अत्यन्त मर्माहत बनेकी म पात्रको प्रस्तुत भनाइले एकातिर गरिबी, अशिक्षा र अज्ञानतामा पिल्सिएर टहरामा जीवन बिताइरहेका गरीब जनताहरूको निरीह अवस्थाको चित्रण गरिएको छ भने अर्कातिर निर्दोष बाबु आमा र सारा गाउँलेहरूको मृत्युको खबरले अभिघातित बनेकी चेलीको पीडादायी अनुभूतिको अभिव्यक्ति यस कथनबाट भएको छ। प्रेमी खोज्न हिँडेकी केटी बाबा आमा नै गुमाउनु पर्दाको खबर सुन्दासुन्दै अर्को दुःखद समाचार उसको कानमा पर्दछ। अतीतको पीडादायी अनुभूतिलाई सम्झँदै ऊ पुन आफ्नो भनाइ यसरी व्यक्त गर्दछे :

> मेरा दिमागमा आगो बलिरहेको थियो। खप्परको हाड पड्किएर अलग अलग टुक्रा भएर झर्छन् जस्तो लागिरहेको थियो। बुढेसकालमा आमा बाबालाई छोडेको दुःखले पछुताउनुबाहेक मँसग के थियो र ? त्यही पीडाले छटपटि रहैं। अर्को चट्याङ पनि छातीमा बज्रिएको थियो। भिडन्तमा क्रान्तिकारी योद्धा अवधेश र उसको टोली पनि रहेन। मेरो प्रेमी रहेन। अब त मेरो जीवन ठड्याउन एउटै टेको पनि रहेन। ( पृ.१६१)।

जसलाई पाउन बाबु आमालाई पत्तै नदिइकन ज्यानको बाजी लाएर युद्धमा होमिन पुगेकी थिई। उसैको मृत्युका खबरले म पात्र अत्यन्त पीडित भई। आफ्ना आमाबाबु र प्रियतमको विछोडले उसलाई साँच्चिकै विद्रोही बनायो। अब ऊ हिजोकी मायालु, युद्ध मन नपराउने शान्तिप्रेमी किशोरी रहिन। ऊ बहुलाई भएकी थिई। अब उसले युद्धलाई बदलाको अभीष्ट बनाई। त्यसैले ऊ भन्दछे :

> हो म भत्किनु पर्थ्यो तर भत्किइन। मेरो अवधेश र मेरा आमा बुबा मार्नेलाई मार्नका लागि भए पनि म भत्किइन ... युद्ध बदला मात्रै हो बस् बदला। मेरो तनमन पहिलेको जस्तो रहेन। म मान्छेको स्वरूपमा मात्रै मान्छे रहैं (पृ.१६१)।

युद्ध चर्किरहेको थियो। कमान्डरको आदेश अनुसार म पात्र रहेको टोलीले धेरै सरकारी कर्मचारीहरू मारे। धेरै सरकारी शिक्षक, गाउँका ठुलाठालु भलादमी, पार्टीको विपक्ष भएर उभिने विद्वान् सबै मरे। विपक्षको दोहोरो भिडन्तमा भएको नरसंहारले गर्दा कहाली लाग्दो आतङ्क र संत्रासमय वातावरण थियो। जो मरे पनि आखिर नेपाली दाजुभाइ दिदीबहिनी नै मरेका थिए। मानवीयता भन्ने कुरा नै हराइसकेको अवस्था थियो।

पहिलो पटक किशोरीसहितको माओवादी टोलीले सरकारी सेनाको व्यारेकमा हमला गर्ने तयारी गर्यो। सबैभन्दा पहिला उनीहरूले व्यारके नजिकै बङ्करमा निधाएको एउटा सेनालाई आफ्नो कब्जामा लिए। बिउँझने बित्तिकै उसले आत्मसमर्पण गर्यो। उनीहरूमध्ये पश्चिमपट्टिको टोलीले बम पड्कायो। सेनाहरू तैनाथ भैहाले। बमबारुदको वर्षा भइरहेको थियो। कोही गोली लागेर चिच्याइरहेका थिए। दोहोरो भिडन्तमा सबै हताहत भएर ढले। माओवादी पक्षको हार भयो। अन्त्यमा बचेखुचेका सबैले नदीको किनारै किनार भाग्नुसिवाय अरू विकल्प थिएन। किशोरीसहित कमान्डर चेतना लगायताका केही लडाकुहरू साथमा थिए।

Received : October 2020  Accepted : December 2020

उनीहरूले कब्जामा लिएको सेनालाई पनि सङ्गै ल्याएका थिए । यसलाई जे गर्छौ गर जस्तो यातना दिन्छौ देऊ कमान्डरले युद्ध हारेको झोकमा सेनालाई देखाउँदै भन्यो । उनीहरूको रिस शान्त पार्ने एउटै माध्यम हात बाँधिएको लाचार विवश सिपाही नै थियो । युद्धजन्य मानसिक अभिघातका कारण बदलाको आगोमा तड्‌ परहेकी म पात्र त अभिघातको प्रमुख भोक्ता नै थिई । त्यसैले ऊ पूर्णरूपले विस्थापित चरित्रका रूपमा स्थापित भएकी थिई ।

विस्थापन भनेको दमित वासनाले युक्त अचेतनको प्रतिरक्षा गर्ने विभिन्न प्रक्रियामध्ये एउटा हो । विस्थापित चरित्रले अचेतनमा दमित भय, चोट, क्रोध वा निराशाको इवाक अन्य व्यक्ति वा वस्तुमाथि पोख्छ । यसका लागि उसले आफू जोखिममा पर्ने हुँदा सक्षमको होइन, अक्षमको चयन गर्छ । विस्थापित चरित्रले एउटाको साटो अर्कोसँग फेर्ने क्रममा बलियाबाट पाएको चोटको निराकरणका लागि आफ्ना बुताले भ्याउने कमजोरलाई माध्यम बनाउने र रिस खन्याउने प्रक्रिया अँगाल्दछ (शर्मा, २०७१, पृ.६०) । यहाँ कमान्डर म पात्र, चेतना लगायतका पात्रहरू विस्थापित चरित्रका रूपमा देखिएका छन् । युद्ध हारेको, आफन्तहरू र कैयौं साथीहरू लगायत केही न केही गुमाएका हुनाले भय, संत्रास, चोट, क्रोध र निराशाको इवाँक उनीहरूले बाँधिएको एक्लो निरीह सिपाहीमाथि पोखेका छन् । तीमध्ये पनि आफ्ना आमाबाबा र मायालु प्रेमीलाई समेत गुमाउनु परेको चोटले गर्दा म पात्र त प्रमुख रूपमा विस्थापित चरित्रका रूपमा प्रस्तुत भएकी छे । अतीतमा भएको यस पीडादायी अनुभूतिलाई स्मरण गर्दै म पात्र भन्दछे :

> हाम्रो रिस शान्त गर्ने ऊ असल माध्यम बनेको थियो । जतिबेला रिस उठ्दथ्यो उसलाई बन्दुकको नाल, लठ्ठी र ढुङ्ले हिर्काउँथ्यौं । हामी दिमागलाई शान्त पार्ने कोशिष गर्दथ्यौं तर पनि हरेकले कोही न केही गुमाएका थियौं । कसैले अङ्ग प्रत्यङ्ग, आफन्त, प्रिय, इष्टमित्र । त्यसैले मगज कसरी शान्त रहन सक्थ्यो ? शत्रुलाई मित्र मानेर कसरी अँगाल्न सक्थ्यौं ? उसलाई अनेकौं यातना दियौं । ऊ चिच्याँउथ्यो । मेरो खुट्टामा धैरै दिनदेखि गन्हाइरहेको मोजा उसको मुखमा कोचिदियौं । त्यसको बाहिरपट्टी बाँध्यौं । अब उसको आवाज रोकियो । ऊ चिच्याउन नसक्ने भयो । हामीले सेनालाई रातभर पिट्दै हिँड्यौं । उसको शरीरको कुन कुन भागमा घाउ लाग्यो त्यसको हेक्का नै भएन । जुनसुकै भाग होस् बिलेडले चिरिदिन्थ्यौं । चक्कुको चुच्चोले उसको शरीरमा घोच्थ्यौं । बन्दुकको नालले हिर्काउथ्यौं । (पृ १६३)

यसप्रकारको दानवीय व्यवहारमा म पात्रको सबैभन्दा ठुलो हात थियो । किनकि त्यस समूहमा सबैभन्दा पीडित र आफन्तविहीन बनेकी ऊ नै थिई । त्यही झोकले तडपिरहेकी थिई । यस्तो अमानवीय घृणित कार्य गर्दा पनि उसलाई अलिकति पनि आत्मग्लानीसमेत भएन । कहिले निको नहुने गरी अचेतनमा दमित भएर बसेको मानसिक घाउको पीडाले उसलाई मानवीय प्रवृत्तिबाट राक्षसी प्रवृत्तितर्फ विस्थापित गर्यो । सेनालाई लिएर हिँड्दा हिँड्दै बिहान भयो । सेनाको अनुहार एकदम रातो, मलिन र फुस्रो भएको थियो । उसलाई सम्झदै किशोरी भन्दछे :

> सेनाले मलाई गौर गरेर हेर्यो । सायद ऊ समूहमा सबैभन्दा दानव यही हो भनेर हेरिरहेको हुँदो हो । मैले अझै कडा नजरले हेरैं तर पनि उसले हेर्न छोडेन । विस्तारै उसका आँखा आँसुले भरिए । पहिलो आँसुको थोपा ढुङ्गामा तप्प झर्यो । त्यो आँसुको थोपा थिएन, मानौं मेरो हृदयमा ढुङ्गाले प्रहार गरेको हो । म घाइते भएँ । त्यो आघात सहन गर्ने मसँग क्षमता रहेन । मेरो कडा हृदय पग्लियो सारै अशान्त भएँ । मेरा आँखा रसाए । (पृ.६५)

सेनाको हेराइमा उच्च अहमको भावना थियो। दानवीय प्रवृत्तिप्रतिको घृणाको, आक्रोशको हेराइ थियो शायद सक्ने भए उसले पनि प्रतिरक्षाका लागि आक्रामक बन्दथ्यो। उसको आँखाबाट चुहिएको आँसु युद्धजन्य दावनीय व्यवहारबाट उत्पन्न शारीरिकक र मानसिक अभिघातको प्रतीक हो। प्रतिशोधको भावनाले विवेक गुमाउन पुगेकी किशोरी (म पात्र) लाई जब एउटा नुनको सोझो गर्ने सानो तहको निरीह सिपाहीमाथि गरेको नृशंश व्यवहारको बोध भयो। उनको मनमात्र अशान्त भएन आँखा पनि रसाउन पुग्यो पश्चाताप बोधले उनी पूर्णरूपले अभिघातिनी बनी। केही पर पुगेपछि बन्चरो बोकर बसेको कमान्डरले सेनाको घुँडामा बन्चरोले हान्यो। ऊ बेहोस भएर ढल्यो। यो देखेपछि त कलिलो उमेरकी म पात्रको मनमा अझै ठुलो आघात पर्यो। उसले सोची यो कसको लडाइँ हो, त्यो दुई चार पैसाका लागि जागिर खानेले रचेको खेल हो यो ? प्रेमी खोज्दै हिँडेकी प्रेमिकाको सपना हो यो ? (पृ.६५)। अब उसमा बदलाको भावना पटक्कै रहने। आफूले गरेका हरेक दानवीय व्यवहारबाट उसलाई पछुतो भएर आयो आखिर यो किन ? कसका लागि भन्दै भक्कानिई। केही समयपछि सिपाही ब्युझियो। सकिनसकी सालको पात टिपेर केही लेख्यो, त्यसपछि ढुङ्गामा ठोकिएर पछारिँदै पछारिँदै जीवन लीला समाप्त गर्यो। उसले त्यो पातको माथि आफ्नो नाम र तल मेरा बाबालाई गोली हानेर मारिदिनु भनेको थियो। मर्ने बेलामा पनि उसले अभिघात खपेरै मर्‍यो।

म पात्र जनावर तुल्य भएर हिाडिरहेकी थिई। उसले सबै कुरा गुमाइसकेकी थिई। अब उसको कमान्डरको प्रेममा तड्पिरहेकी चेतनालाई उसको प्रेमीसँग मिलाइदिने एकमात्र उद्देश्य रहेको थियो। त्यसैले कमान्डरलाई दाइ तपाईं कसैसँग प्रेम गर्न'हुन्छ भनी कुरा कोट्याई। कमान्डरले पनि तिमी किन यस्तो प्रश्न गरिरहेकी छौ भन्ने मलाई थाहा छ भन्दै चेतनाले सुन्ने गरी आफूले उसलाई प्रेम गर्छ' भन्ने कुरा बताए। यी दुई प्रेमीलाई मिलाउन सकेकीमा सन्तोषको स्वास फेरी।

केही दिनपछि गाउँमा पार्टीको सांस्कृतिक कार्यक्रम थियो। एक्कासी बम पड्क्यो। मान्छेहरू हताहत ढल्न थाले, कोलाहल मच्चियो, चेतनाको कम्मरमा गोली लाग्यो। उ ढली। सेनाहरू लखेट्दै नजिकै आइसकेका थिए। भाग्दाभाग्दै जङ्गलको किनारमा स्थित एउटा टहरामा पुगी उसले एउटा बूढो मान्छे बसिरहेको देखी। उसले एक सासमा मलाई बचाउनोस् बाबा भनी । बुढाले भकारीमा लुकाएर उसको ज्यान बचाए। जीवनको कहाली लाग्दो क्षणमा बूढा मान्छे उसका लागि भगवान् बनेर आएका थिए। बुढाका कोही रहेनछन्। उसलाई बाबाको याद आयो। उसले बूढाको अनुहारमा आफ्नो बाबाको अनुहार देखिरहेकी थिई। बुढाकी स्वास्नी पोहोरमात्र स्वर्गे भएकी थिइन्। छोरी बिहे गरेर गई कोदाको रोटी र साग पकाएर दुवै मिलेर खाए। म पात्रले आफ्ना सबै कहानी बुढालाई सुनाई। उसले आफू युद्धमा फर्कने मन नभएको र बुढालाई नै बाबा मानेर यही बस्छु भनी अनुरोध गरी। बूढाले पनि सहर्ष स्वीकार गरे। कम्तीमा छोरी भएपछि मर्ने बेलामा मुखमा पानी त पर्छ भन्ने उनको भनाइ रह्यो।

कुराकानीकै सिलसिलामा बूढाले कोठाको कुनामा राखेको बाकस उघारेर काठको फ्रेममा भएको फोटो देखाउँदै भने यो तिम्री आमा, यो दाइ, उनी अरू के के भन्दै थिए। म पात्र भीरबाट खसेजस्तै भई। उनको होस् ठेगानमा रहेन। उसले मनमनै सोची त्यो भीरबाट खसेको मान्छै मेरो दाइ ? मैले हत्या गर्ने उसैको बाबाले जीवन बचाइदिने ? कदापि यस्तो हुन सक्दैन (पृ.१७६)। निरीह सेनामाथि आफूले गरेको दानवीय व्यवहारको बोध भएपछि नराम्रो गरी अभिघातिनी बनेकी म पात्रले त्यसको निवारणका लागि युद्ध त्यागेर बुढा मान्छेको स्याहार गरी बस्ने विचार गरेकी थिई। तर स्थिति उल्टो भयो। उसले आफूले गरेको नृशंसः व्यवहार झलझली सम्झन थाली। जसले आफ्नो जीवन बचायो। उसैको एकमात्र सहारा आफूले छिन्न पुगेकीमा ऊ फेरि नराम्ररी

अभिघातको शिकार बनी । उसले बुढालाई वास्तविक कुरो भन्न पनि सकिन । यो परिस्थिति आउनु अगावै गुलेली लागेर घाइते भएको चरा जसरी उसको हृदय छटपटाउन थाल्यो । ऊ एकोहोर सुस्केरा हालिर रोइरहेकी थिई । बुढामान्छे म छु नि बाबै किन दुःख मान्छ्यौ भनी सम्झाउँदै थिए । उसलाई सुत्ने व्यवस्था मिलाई दिएर बुढा सुते । बुढा सुतेको केही बेरपछि आफूसँग भएको सात हजारमध्ये पाँच हजार बुढाको खल्तिमा राखिदिएर मलाई माफ गरिदिनोस् बाबा मैले दाइको हत्या गरिदिएँ भनी रुँदै बाहिर निस्की ।

केही दिनपछि नचाहँदा नचाहँदै पनि ऊ पार्टी सम्पर्कमा आई । उसको जाने ठाउँ नै पनि कहाँ थियो र ? देशभरि माओवादी युद्धको प्रभाव परिरहेको थियो । म पात् सहितको समूहले सहरी इलाकामा हान्ने निर्णय गर्यो । उनीहरूले ब्यारेक घेर्न' अघि नै सेनाले घेरिसकेका थिए । शाही सेनाको गोलीले माओवादी सेना धमाधम मार्रिंदै थिए । म पात्र भागिरहेकी थिई । अचानक सेनाको राइफलले उसको शिरमा हिर्काउँदा ऊ बेहोस् भएर ढली । ऊ होसमा आउँदा दुनियाँ फनफनी घुमिरहेको थियो । उसका बाबा आमाको अनुहार स्मृतिमा नाचिरहेको थियो । तन्त्रामा देखिने अनुहार जस्ता गाउँका घर कुदिदै गएका च्याउ जस्ता देखिएका थिए । जङ्गलका बिचमा उसको ज्यान बचाउने बुढा बाबा ठुलो आवाज निकालेर हाँसिरहेका थिए । उनको घृणा भरिएको व्यङ्ग्य हाँसोले, ऊ रोइरहेकी थी । अर्धबेहोसी अवस्थामा यसरी नहास्नोस् नहास्नोस् । मलाई डर लाग्छ भनी कराइरहेकी थी । डर लाग्छ लोग्नेमान्छेको मोटो स्वरले भन्यो उसले बेहोसमा के के बोलि थाहै पाइन । उसका कानमा अश्लिल शब्दको वर्षा भइरहेको थियो । उसले ट्वाल्ल परेर हेरी । वरिपरी सेनाहरू थिए । त्यो हाँसो बुढा मान्छेको होइन रहेछ । ऊ त थुनामा पो रहिछे बल्ल उसले थाहा पाई । अतीतको कहाली लाग्दो अभिघातको पीडादायी अनुभूतिको स्मरण गर्दै ऊ भन्दछे :

> मेरो अनुहारमा पट्टी बाँधियो । मेरा शरीरका लुगा धडधड च्यातिए । म नाङ्गी भएँ । ब्यारेकमा भएका सबै सेना लाइन लागेर मेरो शरीरलाई पालैपालो भोग गर्न थाले । रातमा म बलात्कृत भएँ । लाग्दैथ्यो मैले पहिले नै किन वक्षस्थल काटेर फालिनँ ? किन टाङमा तेजाब खन्याएर मरिन् ? मलाई यसरी नै एक शैली अपनाएर मरिदिनुपर्थ्यो । शायद यो पीडाभन्दा त्यही असल हुँदो हो । मेरो अघिपछि भएका सबै आफन्त गोली लागेर मरे । म किन मरिन् (पृ.१७९) ।

उनी अझै आफ्नो पीडा यसरी व्यक्त गर्दछिन् -

> त्यो पछिल्लो रात सोचाइभन्दा बाहिरका यातनामा बिते । मेरा नितम्ब, वक्षस्थल र शरीरका नरम भाग बिलेडले चिर्न थाले । त्यसैमा नुन छर्कन्थे । उनीहरू छातीमा यसरी मुक्काले हिर्काउँथे मेरो मुटुमा ठुलै हलचल आउँथ्यो । उनीहरू मेरो शरीरमा थुकिदिन्थे, पिसाब गरिदिन्थे । घरिघरि गुप्ताङ्गमा बन्दुकको नोक घुसाउँथे । मैले कहिल्यै यस्तो यातनाको परिकल्पना गरेकी थिइन । म त्यो पीडाको कसरी बयान गरुँ ? (पृ.१७९) ।

यसरी शारीक र मानसिक यातना भोग्न बाध्य भएकी किशोरीको अभिघात खोजी कथामा गरिएको छ । कुनै पनि नारीको सबैभन्दा प्यारो आफ्नै अस्मिता हुन्छ । जब आफ्नो अस्मिता माथि आघात पर्दछ । त्यसको घाउ कहिल्यै नपुरिने गरी ज्यादै गहिरो हुन्छ । कैयौँ दानवरूपी राक्षसहरूबाट एउटी चेलीको अस्मिता लुटिएको छ । आफ्नो पहिलो प्रेमी अवधेशलाई भन्दा अरूको कल्पनासमेत गर्न नसक्ने एउटी पवित्र नारीमाथि भएको यस्तो नृशंश कृत्यले उसलाई मात्र होइन पाठकहरूलाई समेत अभिघातको अनुभूति हुन पुग्दछ ।वास्तवमा युद्धजन्य घटनाले कसैलाई पनि राम्रो गर्दैन । यस कथामा दश वर्षे जनयुद्धमा शाही सेना र माओवादी सेना बिचको दोहोरो दमनको मारमा नेपाली जनता परेको अवस्था, सेनाभित्रै पनि कतिपयले अकालमा ज्यान गुमाउनु परेको

कतिको हातखुट्टा भाँचिएको टाउको फोरिएको, कतिपयले आमाबाबु, कतिपयले छोराछोरी, कतिपयले पति, कतिपयले आफन्त गुमाउनु परेको अवस्था छ भने म पात्रजस्ता कैयौँ चेलीहरूले बलात्कृत भएर गुप्ताङ्ग बिलेड र चक्कुले चिरिएको जस्ता अकल्पनीय भयावह अभिघातको खोजी कथामा गरिएको छ।

म पात्रले आफ्नै अगाडि माओवादीले आफ्नो प्रेमीलाई जबर्जस्ती लगेको हेरी। उसको विवस लाचार अनुहार देखेर पनि चुपचाप सहेर बस्न बाध्य भई। उसले आफ्ना आमा बाबु गुमाई, प्रेमी गुमाई। माया गर्ने साथी, आफन्त सवै गुमाई, आफूलाई कालको मुखबाट बचाउने बूढा मान्छेको एकमात्र छोरोको हत्यारिणी बनेको पीडाले रन्थनिई। अब त ऊ कैयौँ मानवरूपी दानवहरूबाट सामूहिक बलात्कारको शिकारसमेत बनी। यी सबै घटनाहरू क्रमशः अनुक्रमित छन्। वास्तवमा म पात्रको जीवन अभिघातै अभिघातको पीडादायी घाउले भरिएको छ। यहाँका सवै पात्रहरू कुनै न कुनै रूपमा अभिघातको शिकार भएका छन्। कमान्डरले प्रेमिका गुमाएको छ। बूढा मान्छेले छोरो गुमाएको छ। माओबादीको तर्फबाट युद्द लडेकी म पात्रको समूहले कब्जामा लिएको सेनालाई पनि उनीहरूको नृशंश यातनाबाट अभिघात भएको छ। मर्ने बेलामा पनि आफू मरेपछि बूढो बाबुलाई पनि आफुलाई जस्तै यातना देलान् भन्ने पिरले मेरा बाबालाई गोली हानेर मारिदिनु भनी लेखेर छाडेको छ। यी सबै अभिघातको कारक तत्त्व दश वर्षे जनयुद्ध र त्यसले निम्त्याएको परिणाम हो। अभिघातको कारण व्यक्ति भयमित, त्रसित, असमान्य, विचलित, विस्मृत, विस्थापित समेत बन्न सक्दछ भन्ने कुराको खोजी यस 'बेखबर मृत्यु' कथाले गरेको छ। लामो समयको युद्धको कारण दुवैतिरका सेनाहरू आफ्ना घर परिवारबाट टाढा बस्न बाध्य हुनु पर्ने स्थिति रहेको छ। जसले गर्दा उनीहरू भित्र रहेको योनेच्छा अचेतनमा दमित भएर रहेको छ भने अर्कोतिर दोहोरो भिडन्तको मारमा परेर कतिले अङ्गभङ्ग हुनुपरेको छ भने कतिले आफन्तहरू गुमाउनु परेको अवस्था छ। रातदिनको युद्ध, गोली बारुछ, बम विस्फोटजस्ता घटनाले सेनाहरूमा पनि मानसिक तनाव, भय र सन्त्रासको वातावरणको सृजना भएको छ। अतृप्त योनेच्छा पूर्तिका लागि र आफन्तसँगको विछोड, मृत्यु, शारीरिक, मानसिक चोटका कारण उनीहरू पनि कठोर र क्रुर बन्न पुगेका छन्। म पात्रप्रति गरिएको सामूहिक बलात्कारजस्तो नृशंश कृत्यको कारण पनि उनीहरूमा देखापरेको विस्थापन चरित्र नै प्रमुख कारण बन्न पुगेको छ। युद्धको कठोर परिवेशले सेनाहरूलाई दानव बनाएको छ। यसरी शारीरिक र मानसिक अभिघातको कारक तत्त्वको पहिचान गरी समाजमा विद्यमान अभिघातको न्यूनिरण गर्ने उपायको खोजी ञस कथामा गरिएको छ। यस लेखको अभीष्ट पनि यहि नै हो ।

## ६. निष्कर्ष

सुदूरपश्चिमको अछाम जिल्लामा जन्मिएका ललित विष्ट युवा कथाकार हुन्। २०७६ सालमा प्रकाशित 'मोहपथ' उनको पहिलो कृति हो। यसमा जम्मा १५ वटा कथा सङ्गृहीत छन्। पहिलो कृति भएर पनि २०७६ सालमा मदन पुरस्कार गुठीमा दर्ता भएका विभिन्न विधाका १५१ पुस्तकहरूमध्ये श्रेष्ठ ७ को सूचिमा पर्न सफल भएपछि उनी चर्चामा आएका छन्।

विष्टका कथामा सुदूर नेपाली समाजमा देखारेका गरिबी, अशिक्षा, पछौटेपन, दश वर्षे जनयुद्धका भोगाइ, पीडा, प्राकृतिक, विपत्तिबाट सृजना भएका तनाव, पीडा, हत्या, हिंसा, बलात्कार, विछोड, मृत्युका घटनाबाट उत्पन्न शारीरिक तथा मानसिक अभिघातको खोजी उनका कथामा गरिएको छ। विष्टको 'बेखबर मृत्यु' कथामा अभिघात सिद्धान्तको प्रयोग गरी अभिघातको खोजी गरिएको छ।

अङ्ग्रेजीको ट्रौमा शब्दलाई नेपालीमा अभिघात शब्दमा रूपान्तरित गरिएको छ। अभिघात भनेको

मानसिक घाउ पार्ने पीडादायी अनुभूति हो। यो मानसिक र दैहिक दुवै हुन्छ। युद्धजन्य र प्राकृतिक विपत्ति, मृत्यु, अकाल मृत्यु, अपहत्ते, विछोड, हरण, छोडपत्र, बलात्कार, विनाश, हिंसा, नृशंशता आदि कारणबाट व्यक्ति मानसिक रूपमा अभिघातित हुन्छ। यो नदेखिने खालको मुटुको घाउ हो। अभिघात मनोविज्ञानसँग सम्बनिधत छ। फ्रायडको मनोविश्लेषण सिद्धान्तलाई आधार बनाएर नवविश्लेषक जेफ्रि हर्टम्यान, कैथीका र सोसना फेलमेनद्वारा १९९० को दशकमा अभिघातलाई सिद्धान्तका रूपमा विकसित गरेका हुन्।

'बेखबर मृत्यु' कथामा नेपालको सुदूरपश्चिमको अछाम जिल्लामा दश वर्षे जनयुद्धको प्रभाव, युद्धका भोगाइ, पीडा र तनावलाई विषयवस्तु बनाइएको छ। म पात्र कथाको प्रमुख पात्र हुन्। म पात्र र अवधेश दुवै दश कक्षामा पढ्ने सहपाठी हुन्। यी दुवै एक अर्कालाई मन पराउँछन्। एक दिन माओवादीको एक समूह आएर जबरजस्ति अवधेशलाई लिएर गएपछि उसलाई ठुलो चोट परेको छ। प्रेमीलाई भेट्न पाइने आशमा माओवादी सेनामा प्रवेश गरेकी युवतीले युद्धकै कारण निर्दोष आमाबाबुलाई गुमाई। दोहोरो भिडन्तमा परेर प्रेमी अवधेशलाई पनि गुमाउन पुगी। आफन्तसँगको विछोडले उसले ठुलो अभिघात सहनु पर्यो। अब भने ऊ साँच्चिकै विद्रोही बनी। आमाबाबा र प्रियतमको मृत्युको चोटले उसमा बदलाको भावना आएर विस्थापित चरित्रका रूपमा देखा परी।

ऊमात्र नभएर कमान्डर, चेतनासमेत विस्थापित चरित्रका रूपमा देखिए। प्रमुख पात्र चाहिँ म पात्र नै हो। आफन्त गुमाएर अभिघातित बनेका हुनाले भय, सन्त्रास, चोट, पीडा, क्रोध र निराशाको झ्वाँक ऊ लगायतका उसका लडाकु समूहका पात्रहरूले बाँधिएको एक्लो सिपाहीमाथि पोखेका छन्। दोहोरो भिडन्तमा शाही सेनाले खेद्दै आएपछि आफूलाई लुकाएर बचाउने बुढा मान्छेको छोरो त्यही आफ्ना दानवीय व्यवहारबाट मृत्यु भएको सेना हो भन्ने थाहा पाएपछि फेरि अभिघातित बनेकी छे। म पात्र शाही सेनाद्वारा समातिएर थुनामा पर्दछे। त्यहाँ पनि ऊ सामूहिक बलात्कारको शिकार बनेर अभिघातित बनेकी छे। 'बेखबर मृत्यु' कथामा अभिघातै अभिघातका पिरलो छ। युद्धजन्य भोगाइबाट अभिघात बनेका पात्रहरूको पीडादायी अनुभूतिको खोजी यस कथामा गरिएको छ। यी सबै अभिघातको कारक तत्त्व भनेको युद्धजन्य घटना र त्यसले निम्त्याएको परिणाम हो। त्यसैले युद्ध, हत्या, हिंसा, बलात्कारजस्ता घटनाहरूको अन्त्य भएर शान्ति कायम हुन सकेमा अभिघातको अवस्था पनि निराकरण हुँदै जान्छ भन्ने निष्कर्ष कथाले गरेको छ।

## सन्दर्भ सामग्री


गौतम, लक्ष्मणप्रसाद (२०६७). "उत्तर आधुनिक समालोचनामा कृति विश्लेषणका पद्धत्ति र प्रारूप". भृकुटी. पूर्णाङ्क १०. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स।

पाण्डेय, ज्ञानेन्द्र (सन् २००१). रिमेम्ब्रिङ पार्टिसन. क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

विष्ट, ललित (२०७६). "ललित विष्टको बेखबर मृत्यु कथामा अभिघातको खोजी. मोहपथ. काठमाडौँ : फिनिक्स बुक्स।

शर्मा, मोहनराज (२०७१). "कृतिगत अभिघात खोजी र अभिघात अध्ययन". सैद्धान्तिक नेपाली समालोचना. (सम्पा. राजेन्द्र सुवेदी). काठमाडौँ : जुगल पब्लिकेशन्स प्रा.लि.।

Scott, Catherine and John Briere (2006). Principles of Trauma Therapy: A Guide to Symptoms, Evaluations, and Treatment. California Sage Publications End


Received : October 2020

Accepted : December 2020